संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

**बैठक संख्या-१६**

मितिः-२०८०/०६/२६

## छलफल तथा निर्णयहरु

समितिको आजको वैठकमा **"टेरामक्स प्रविधिको खरिद र दुरसञ्चार कम्पनीहरुको लगातार घट्दै गईरहेको आम्दानी सम्बन्धी"** कार्यसूचीमाथी नायव महालेखा परीक्षक, नेपाल दुरसञ्चार प्राधिकरणका अध्यक्ष तथा नेपाल टेलिकमका निमित्त प्रवन्ध निर्देशकसँग विस्तृतमा छलफल भयो । छलफलपश्चात समितिबाट देहायबमोजिम निर्णय भयोः-

१. सूचना प्रविधिमा भएको विकाशको गतिअनुरुप हाम्रो नीतिगत, कानूनी तथा पूर्वाधार पक्षमा आवश्यक सुधार हुन सकेको छैन । कार्यान्वयन गर्नुपर्ने निकायहरुले विद्यमान कानूनको परिपालना गर्दै समस्या समाधान गर्नु भन्दा समस्या श्रृजना गर्ने तर्फ अग्रसर भएको देखिन्छ । राज्यलाई तिर्नुपर्ने कर, राजश्व वा दायित्व समयमा नै नतिर्ने, कुनै कारण देखाई उन्मुक्ति लिन कोशिस गर्ने प्रवृत्तिप्रति कानून कार्यान्वयन गर्नुपर्ने निकाय उदासीन भएको देखिन्छ । यसै सन्दर्भमा, नेपालमा रहेका दुरसञ्चार सेवा प्रदायकहरु (ईन्टरनेट सेवा प्रदायक समेत।) ले राज्यलाई तिर्न बाँकी कुनैपनि प्रकारको राजश्व ३ महिनाभित्र अनिवार्यरुपमा कानूनबमोजिम असुलउपर गर्न, गराउन समितिको यो वैठक सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दुरसञ्चार प्राधिकरण र सम्बन्धित निकायलाई निर्देश गर्दछ ।

२. निर्धारित समय भित्र हिसाव फरफारख नगर्ने यस्ता सेवा प्रदायकहरुलाई नियमानुसार कारवाही गरी सोको जानकारी समितिलाई उपलव्ध गराउन समेत समितिको यो वैठक उल्लिखित निकायहरुलाई निर्देश गर्दछ ।

३. ग्रामीण दुरसञ्चार विकास कोषअन्तर्गत कार्यान्वयनमा रहेका परियोजनाहरुको कार्य प्रगति सुस्त रहेको पाईन्छ । सूचना महामार्गमा अप्टिकल फाइवर विच्छ्याउने

कार्यले अपेक्षित गति नलिएकोले शीघ्र कार्यसम्पादन गर्न गराउन समितिको यो बैठक नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ ।

४. प्रतिस्पर्धाका कारण विश्व बजारमा दुरसञ्चार सेवाको मुल्य घट्ने क्रममा छ । हाम्रो सन्दर्भमा, मुल्य न्यूनीकरणका लागि आवश्यक प्रयासहरु भएको पाईदैन । उपलब्ध सेवा पनि गुणस्तरीय छैन । न्यूनतम मुल्यमा गुणस्तरीय सेवा उपलव्ध गराउनेतर्फ यथोचित पहल गर्नगराउन समितिको यो बैठक नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ ।

५. टेरामक्स प्रविधि खरिद प्रक्रियाका सम्बन्धमा बिस्तृत अध्ययन गर्नुपर्ने भएकोले यो प्रविधि खरिद प्रक्रियाको प्रारम्भदेखि अहिले सम्मका कागजात एवम् निर्णयको प्रमाणित प्रतिलिपी यथाशीघ्र (७ दिन भित्र) समितिलाई उपलव्ध गराउन समितिको यो बैठक सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ ।

६. निजी दुरसञ्चार सेवा प्रदायक संस्थाहरुलाई वितरण गरिएको सेवा सञ्चालन अनुमती लाइसेन्समध्ये बन्द भैसकेको स्मार्ट सेलको लाइसेन्स बिक्रीको कार्य गैरकानूनी तवरमा प्रक्रियाहरु अगाडि बढाइएको भन्ने विषय छलफलमा आएकोले कम्पनीले तिर्नुपर्ने दायित्वहरु भुक्तानी गरी नसकेको र कम्पनी लिक्विडेसनमा नगएको अवस्थामा हाललाई यस कम्पनीको लाइसेन्स बिक्री कार्यलाई स्थगित राख्न र यस सम्बन्धमा भए गरेका निर्णयका कागजात समितिलाई यथाशीघ्र उपलब्ध गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देश गर्दछ।

७. समितिको अर्को बैठक सूचना भएपश्चात बस्ने गरी आजको यो बैठक स्थगित हुन्छ।